स्थानीय सरकार

**वीरगञ्ज राजपत्र**

वीरगञ्ज महानगरपालिका द्वारा प्रकाशित

खण्ड (२) वीरगञ्ज, असार महिना २१ गते २०७५ साल संख्या संख्या (८)

**भाग– १**

**वीरगञ्ज महानगरपालिका**

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम वीरगंञ्ज महानगरपालिकाको दोस्रो नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको ऐन नं – ८

# ऐनको नामः वीरगंज महानगरपालिकाको एफ.एम रेडियो ऐन २०७५

प्रस्तावना

स्थानीय एफ.एम रेडियोलाई विकास सञ्चार साझेदारका रूपमा प्रवर्द्धन गर्दै तिनको सञ्चालन अनुमति, सहजीकरण, नियमन तथा खारेजी सम्बन्धी व्यवस्था गर्नु वाञ्छनीय भएकोले, वीरगंज महानगरपालिकाको दोस्रो नगरसभाले नेपालको संविधानको धारा २२६ (१) र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानिय एफ.एम रेडियो ऐन २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "महानगरपालिका" भन्नाले वीरगंज महानगरपालिका सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले वीरगंज महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले वीरगंज महानगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले संघीय तहको सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघीय मन्त्रालयलाई सम्झनुपर्छ ।

(ङ) "विषयगत एकाइ" भन्नाले महानगरपालिकाको एफएम रेडियो हेर्ने कार्यक्षेत्र रहेको विषयगत शाखालाई सम्झनुपर्छ ।

च) "वडा कार्यालय" भन्नाले वीरगंज महानगरपालिकाको कार्यपालिकाको सम्बन्धित वडा कार्यालय सम्झनुपर्छ ।

छ) "सदस्य" भन्नाले वीरगंज महानगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ । सो शब्दले महानगर कार्यपालिकाको प्रमुख/ उपप्रमुख/ र वडाअध्यक्ष समेतलाई जनाउनेछ ।

(ट) "रेडियो" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्नेवा पठाउने कामको निमित्तप्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

- डिस एन्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टम,
- रेडियो ट्रान्समिटर

ठ) "स्याटेलाईट रिसिभिंग सिष्टम" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु व अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एन्टेना लगायतका संचार प्रणाली सम्झनुपर्दछ ।

ड) "एफ एम रेडियो" भन्नाले एक सय वाट सम्मको स्थानीय एफ एम रेडियोलाई सम्झनुपर्छ ।

(ढ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले संघीय कानुन, प्रदेश कानुन, स्थानीय कानुन र यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. <u>स्थानीय एफएम रेडियो</u> :**

(१) महानगरपालिका भित्र एफएम रेडियोको स्थापना तथा सञ्चालनको अनुमति तथा नवीकरण लगायत नियमनसम्बन्धी काम महानगरकार्यपालिकाबाट हुनेछ ।

(२) यो ऐन लागु हुनुपूर्व नेपाल कानूनबमोजिम अनुमतितपत्र लिई सञ्चालनमा रहेका एफएम रेडियोको नियमन यो ऐन लागू भएपछि यसैबमोजिम हुनेछ ।

(३) उपदफा २ को प्रयोजनका लागि कानुनबमोजिम अनुमति लिई सञ्चालनमा रहेका एफएम रेडियोको अभिलेख महानगरपालिकाले मन्त्रालयबाट प्राप्त गर्नेछ ।

४. **अनुमति नलिई प्रसारण गर्न नहुने :**

(१) कसैले यस ऐन बमोजिम अनुमति नलिई महानगरपालिकाको क्षेत्रभित्र एफएम रेडियो सञ्चालन गर्न हुँदैन ।

(२) कसैले उपदफा (१) विपरीत गरेमा दफा १७ बमोजिम सजाय हुनेछ ।

५. **अनुमतिपत्रको लागि निवेदन दिनपर्ने :**

(१) एफ.एम. रेडियो सञ्चालनका लागि अनुमतिपत्र लिन चाहने व्यक्ति वा संस्थाले वडा कार्यालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा तोकिएबमोजिम कागजात सहित निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि अनुमतिका लागि वडा कार्यालयले सिफारिससहित महानगरपालिकामा पठाउनेछ ।

६. **निवेदनसाथ संलग्न गर्नुपर्ने:**

दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछ:

(क) एफ एम रेडियोको व्यावसायिक योजनासहितको प्राविधिक, व्यवस्थापन तथा जनशक्ति तथा आर्थिक स्रोतसम्बन्धी विवरण खुलस्त रहेको विस्तृत कार्ययोजना प्रतिवेदन ।

(ख) प्रसारक संस्थाको दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्र, प्रबन्धपत्र वा विधान र सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रसारण केन्द्र रहने ठाउँको विवरण ।

(घ) निवेदन दस्तुर दाखिल गरेको नगदी रसिद वा भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण ।

(ङ) रेडियोको इजाजत लिन महानगरपालिकाले तोके अनुसारको धरौटी रकमको भौचर

(च) अनुसूची १ बमोजिम आवश्यक अन्य कागजात ।

**७. अनुमतितपत्र दिन सकिने :**

(१) दफा ४ तथा ५ बमोजिम निवेदन प्राप्त भएपछि महानगरपालिकाले फ्रिक्वेन्सीका लागि सम्बन्धीत निकाय वा मन्त्रालयमा लेखि पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखिपठाएकोमा सम्बन्धीत नियाय वा मन्त्रालयले फ्रिक्वेन्सी उपलब्ध गराउने व्यहोरा लेखि आएमा विषयगत शाखा वा एकाइले प्रमुख समक्ष प्रस्तुत गर्नेछ ।

(३) उपदफा २ बमोजिम निर्णयार्थ पेस गर्नुपूर्व विषयगत शाखा वा एकाइले ट्रान्समिटर, एसटीएल लिङ्क, रिसिभरको अनुमतिका लागि अनुसूची–६, ७, र ८ बमोजिम कागजातहरू निवेदकलाई पेस गर्न सूचित गर्नेछ ।

(४) महानगरपालिकाले रेडियो प्रसारण अनुमति दिने निर्णय गरेमा निवेदकलाई अनुसूची-२ को ढाँचामा अनुमतिपत्र दिइनेछ ।

(५) फ्रिक्वेन्सी उपलब्ध नभएको वा अन्य कुनै कारणले निवेदकले अनुमति नपाउने गरी महानगरपालिकाले निर्णय गरेमा निवेदन गर्ने व्यक्ति वा संस्थालाई सोको सूचना दिइनेछ ।

**८. अनुमतिपत्रको अवधि तथा नवीकरणसम्बन्धी व्यवस्था:**

(१) एफ.एम रेडियो सञ्चालन अनुमतिपत्र एक वर्षका लागि बहाल रहनेछ ।

(२) अनुमतिपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले अनुमतितपत्र बहाल रहने अवधि भुक्तान हुनुभन्दा कम्तीमा एक महिनाअगावै तोकिएबमोजिमको नवीकरण शुल्कसहित विषयगत शाखामा वा एकाइमा अनुसूची–३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) अनुमतिपत्र नवीकरणको लागि दफा (२) बमोजिम पर्न आएको निवेदनको व्यहोरा तथा शुल्क दाखिलालगायत कागजात पूरा गरेको देखिएमा महानगरपालिकाले अनुमतिपत्र नवीकरण गरिदिनेछ ।

**९. रेडियो सञ्चालन दस्तुर तिर्नुपर्नेतथा विवरण पेस गर्नुपर्ने :**

(१) एफ.एम रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले सञ्चालक वापत प्रत्येक वर्ष रु २०००.०० महानगरपालिकासमक्ष  रेडियो सञ्चालन दस्तुर दाखिला गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदनसमेत पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेस नगर्ने एफएम रेडियो सञ्चालकलाई महानगरपालिकाले देहायबमोजिमको कारबाई गर्न सक्नेछ :

(क) बक्यौता दस्तुरमा तोकिएबमोजिम जरिमानासमेत थप गरी सरकारी बाँकीसरह असुलउपर गर्ने,

(ख) महानगरपालिकाले वितरण गर्ने सुचना वा विज्ञापनमा रोक लगाउन,

(ग) सञ्चारसामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(घ) त्यस्तो संस्था वा व्यक्तिको प्रेसप्रतिनिधि प्रमाणपत्र निलम्बन गर्ने ।

**१०. <u>अनुमतिपत्र खारेज हुने:</u>**

(१) अनुमतिपत्र प्राप्त गरेको एक वर्षभित्र सञ्चालनमा नआएमा त्यस्तो एफएम रेडियो सञ्चालन अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को अवधि भुक्तान हुनुभन्दा एक महिनाअगावै अनुमतिपत्र पाएको एफ एम रेडियो सञ्चालनमा ल्याउने प्रयास गर्दागर्दै काबुबाहिरको कारणले एक वर्षभित्र प्रसारणमा ल्याउन नसकेको व्यहोरा र कारण खुलाई अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाले महानगरपालिकासमक्ष निवेदन दिएमा  महानगरपालिकाले एफएम सञ्चालनका लागि बढीमा तीन महिनासम्मको अवधि थप गरिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप अवधिमा पनि रेडियो सञ्चालनमा नआएमा अनुमतिपत्र खारेज भएको मानिनेछ ।

**११. <u>एफ एम रेडियोलाई विकास सञ्चार साझेदारका रूपमा काम गर्न सहजीकरण गरिने:</u>**

(१) महानगरपालिकाले स्थानीय एफ एम रेडियोहरूलाई स्थानीय विकासका सञ्चार साझेदारका रूपमा काम गर्न सहजीकरण गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि महानगरपालिकाले उपयुक्त कार्ययोजना बनाई तोकिएबमोजिमको सहकार्य र साझेदारी गर्न वा संघीय वा प्रादेशिक कार्यक्रमसँग सामञ्जस्य कायम गराउन सक्नेछ ।

## १२. <u>एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिः</u>

(१) स्थानीय एफएम रेडियोसँग सहकार्य र समन्वय गर्न तथा तिनका कामको गुणस्तर बढाउनका लागि आवश्यक अनुगमन गर्न निम्नानुसारको एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति रहनेछः

क) प्रमुख - संयोजक

ख) सदस्यरू मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

ग) रेडियो वा सञ्चारका क्षेत्रको विशेषज्ञता/कार्यअनुभवी व्यक्तिहरूमध्येबाट महानगरपालिकाले मनोनयन गरेको एक जना - सदस्य

घ) विषयगत शाखा वा एकाइ प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकताअनुसार सल्लाहकार नियुक्त गर्न सक्नेछ । सल्लाहकारहरूको काम, कर्तव्य तथा अधिकार समितिले निर्णय गरेबमोजिम हुनेछ ।

## १३. <u>समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>

(१) एफएम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिमको हुनेछः

क) एफ.एम. रेडियो सहजीकरणसम्बन्धी कार्ययोजना तर्जुमा गर्ने,

ख) सञ्चालन अनुमतिपत्रअनुसार एफ.एम. रेडियो सञ्चालन भए नभएको अनुगमन गर्ने र सो अनुसार नगरेको पाइएमा सो बमोजिम गर्न सञ्चालक तथा प्रसारक व्यक्ति वा संस्थालाई सचेत गराउने,

ग) स्थानीय एफ.एम रेडियोहरूले विकासको सञ्चार साझेदारका रूपमा वर्षभर गरेका कार्यहरूको रेडियोहरूबाट विवरण तथा प्रतिवेदन लिई महानगरपालिका क्षेत्रभित्रको विकास सञ्चार साझेदारीसम्बन्धी कामको वार्षिक प्रतिवेदन तयार गरी महानगर कार्यपालिकामा पेस गर्ने, र

घ) एफएमसँग महानगरपालिकाले गर्ने साझेदारी तथा सहकार्यहरूको समन्वय गर्ने ।

## १४. समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रियाः

(१) एफएम रेडीयो समन्वय तथा अनुगमन समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(२) समितिको बैठक, निर्णयविधि, बैठकभत्ता तथा दफा १२ (१) (ग) बमोजिमका सदस्यको कार्यकाल, सेवासर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ ।

## १५. एफ.एम रेडियोले पालना गनुपर्ने सर्तहरुः

यस ऐनअन्तर्गत अनुमतिप्राप्त एफएम रेडियोले रेडियो सेवा, कार्यक्रम तथा विज्ञापन प्रसारण गर्दा देहायबमोजिमका सर्तका अधीनमा रही प्रसारण गर्नुपर्नेछः

क) कुल प्रसारणको ८० प्रतिशत सामग्री स्थानीय विषयवस्तुमा आधारित हुनुपर्नेछ,

ख) लोकतन्त्र, मानवअधिकार, विधिको शासन र सार्वजनिक तथा सामाजिक उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने कार्यक्रमको उत्पादन तथा प्रसारण गर्नुपर्नेछ,

ग) आपत्कालीन घटना वा स्थितिका समाचार प्रसारण गर्दा जनसमुदायलाई संयमतापूर्वक अगाडि बढाउने गरी मानवीय तथा उद्धारमूलक कार्यलाई प्रश्रय पुग्ने गरी प्रसारण गर्नुपर्छ, र

घ) अनुमतिपत्रमा तोकिएका सर्तहरूको पालना गरी रेडियो सञ्चालन गर्नुपर्नेछ, र

घ) नेपाल कानुनको पूर्ण परिपालना गर्नुपर्नेछ ।

## १६. प्रसारण गर्न नहुने :

एफएम रेडियोहरुले देहायको कुनै कुरा प्रसारण गर्न हुँदैन :

(क) संविधान तथा कानुन प्रतिकूल हुने कुरा,

(ख) सर्वसाधारण जनतामा उत्तेजना, सन्त्रास सिर्जना गर्ने वा सन्सनी फैलाउने कुरा,

(ग) जातजाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने कुरा,

(घ) बालबालिकाको मनोभावनामा चोट पार्ने कुरा, र

(ङ) कसैको बेइज्जती हुने वा व्यक्तिगत गोपनीयतामाथि आधात हुने कुरा ।

**१७. सजायः**

(१) ऐनको दफा (४) बमोजिम अनुमति नलिई एफएम रेडियो सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई १,००,०००.०० (एक लाख) रुपैयाँ सम्म जरिवाना हुन सक्नेछ ।

(२) अनुमति प्राप्त एफएम रेडियोले दफा (१६) ले रोक लगाएको कुरा प्रसारण गरेमा रु ५०००.०० ( पाँच हजार) रुपैयाँसम्म जरिमाना हुन सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एफएम रेडियोको प्रसारणबाट संघीय वा प्रदेशको कानुनविपरीत कुनै कार्य हुन गएमा त्यस्तो नेपाल कानुनअनुसार कारबाई चलाई सजाय गर्नलाई यस ऐनको कुनै कुराले बाधा गर्ने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम सजाय गर्नुपूर्व सम्बन्धित व्यक्ति वा संस्थालाई लागेको आरोप खुलाई सजाय गर्नु नपर्ने भए आधार र कारण प्रस्तुत गर्न तोकिएबमोजिम मौका दिनुपर्नेछ ।

**१८. पुनरावेदनः**

महानगर कार्यपालिकाले दफा १७ बमोजिम गरेको कारबाई र सजायको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको ३५ दिनभित्र जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

**१९. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः**

महानगर कार्यपालिकाले यो ऐनका व्यवस्थासँग नबाझिने गरी ऐनको अनूसुचीहरूमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**२०. नियम बनाउन सक्नेः**

यो ऐनको उद्देश्य पूरा गर्न महानगर कार्यपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

## अनुसुचि – १

वीरगंज महानगरपालिकामा एफ. एम. रेडियो अनुमतितपत्रका स्वीकृत लागि दिइने निवेदन

श्री ............................

सामुदायिक एफ एम रेडियो ऐनबमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| .............पालिका कार्यालय | |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |
| घर नं :- | घर नं :- |
| फ्याक्स नं :- | फ्याक्स नं :- |
| नागरिकता लिएको जिल्ला | इमेल ठेगाना :- |

नागरिकता नं र नागरिकता लिएको मिति :-

२. संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्रः-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फिक्वेन्सी र च्यानेल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

# <u>अनुसुचि – २</u>

एफ. एम. रेडियो अनुमतिपत्र

ऋनुमतितपत्र नं. :-

१. ऋनुमतितपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला :- |
| नगरपालिका /गाउँपालिका | नगरपालिका /गाउँपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :- (ख) बैण्ड :-

(ग) च्यानेल :- (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. ऋनुमतितपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

कार्यालयको छाप अनुमतिपत्र दिने अधिकारीको :-

सही :

मिति :- नाम :-

दर्जा :-

कार्यालय :-

**<u>अनुसुचि – ३</u>**

एफ. एम. रेडियो अनुमतिपत्रका नवीकरणको लागि दिइने निवेदन

**श्री ............................**

मैले/हामीले मिति ..................मा प्राप्त गरेको अनुमतिपत्र नं...... आ.व.........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

निवेदक

..................

संलग्न

१) निवेदन

२) अनुमतिपत्रको सक्कल वा प्रमाणित प्रतिलिपि

३) भौचर/रसिद

# अनुसुचि – ४

## एफ. एम. रेडियो अनुमति नवीकरणपत्र

अनुमतिपत्र नं. :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| महानगरपालिका | महानगरपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :- (ख) बैण्ड :-

(ग) च्यानेल :- (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. अनुमतिपत्र बहाल रहने अवधि/मिति :-

१४. अन्य सर्तहरू :-

(क)

(ख)

(ग)

कार्यालयको छाप

ऋनुमतितपत्र दिने अधिकारीको :-

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

# अनुसूची– ५

स्याटेलाइट रिसिभि· सिष्टम । स्याटेलाइट कम्यूनिकेशन सिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्तः

श्री ..........

स्याटेलाइट रिसिभि· सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी स्याटेलाइट रिसिभि· सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.ः-

(ग) सिरियल नं.ः-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेना सम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउ“ः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगतः-

(ख) सामुहिकः-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः-

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नामः-

११. आयात हुने भन्सार कार्यालयको नामः-

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

# अनुसुचि – ६

## एफ एम ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्री....................,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

(क) निर्माता :-

(ख) मोडेल नं. :-

(ग) सिरियल नं. आदि :-

६. स्टेशनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-

८. प्रयोग गरिने समय :-

९. अन्य विवरण:-

(क)

(ख)

(ग) दरखास्तवालाको

सही:-

नाम:-

ठेगाना:-

मिति:-

# <u>अनुसूची – ७</u>

दफा ...सँग सम्वन्धित

स्याटेलाइट रिसिभि· सिष्टमको लाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभि· सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एण्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

८. प्रयोग :-

(क) व्यक्तिगतः-

(ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्डभित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः- मिति-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

# अनुसूची – ८

## दफा .... सँग सम्वन्धित

एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप :- लाइसेन्स दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

नगरसभाबाट पारित मिति : २०७५।०३।१८
प्रमाणिकरण मिति: २०७५।०३।२१

आज्ञाले,
डा. भीष्मकुमार भूसाल
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका